Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

नेपाल महाभूकम्प २०७२ अपडेट : नवौं दिन
मिति : ०७२ वैशाख २०
अन्तिम अपडेट : २३०० बजे

**मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)**
मृतक : ७,२५०
घाइते : १४,२६७

## भूकम्पपीपिडितलाई न्यून राहत, त्रिपाल अत्यावश्यक


वैशाख १२ गतेको महाभूकम्पको केन्द्रबिन्दु गोरखाको बारपाक गाविसमा ध्वस्त भएका घरहरू। फोटोः टङ्क खनाल

वैशाख १२ गतेको शक्तिशाली भूकम्पपछिको नवौं दिनमा पीडितहरूलाई राहत वितरणको अवस्थाबारे इन्सेक प्रतिनिधिहरूले गरेको अनुगमनमा धेरै जिल्लामा राहत पुगेपनि अत्यन्त न्यून रहेको पाइएको छ । खाद्य र स्वास्थ्य सामग्रीहरू वितरण भइरहे पनि अस्थायी शिविरका लागि त्रिपाल भने एकदमै थोरै र केही स्थानमा सो पनि वितरण नहुँदा भूकम्प प्रभावितहरू बिचल्लीमा परेका छन् । सरकारले पहिलो चरणको राहत पठाएको भने पनि संकटग्रस्त जिल्लाहरूमा सबैलाई वितरण गर्न रकम अपुग भएको छ । पीडितहरूलाई राखिएका शिविरहरूमा पानीको अभाव रहेको र दुषित पानी पिउँदा बिरामी पर्न थालेका समाचार पनि प्राप्त भएका छन् । खुल्ला स्थानमा बस्नुपर्दा बालबालिकाहरू बिरामी परेका छन् । भूकम्प प्रभावितहरू यसरी लामो समयसम्म खुला आकासमुनि बस्दा विभिन्न स्वास्थ्यसम्बन्धी समस्याहरूले महामारीको रुप लिन सक्ने देखिएको छ ।

**उल्लेख्यः**

- भक्तपुरको दुवाकोट शिविरमा १ सय जना पीडितलाई एउटामात्र पाल आइपुगेको र राहत पनि न्यून मात्रामा आएको पाइयो । पानीको अभाव भएकोले इनारकै फोहर पानी पिउँदा सबैलाई रुघा खोकी तथा ज्वरो आएको छ ।
- इन्सेकले नुवाकोटको सदरमुकाम विदुर, बुधसिङ, गेर्खु, काउले, भाल्चे, फिकुरी, मनकामना गाविसमा पुगी स्थलगत अनुगमन गरेको छ । नगदबाहेक खाद्यान्न लगायतको सामग्री समेत जिल्लामा २० प्रतिशतले पनि प्राप्त गर्न सकेको छैनन् । भाल्चे गाविस-१ मा ५ सय भन्दा बढी परिवार पीडित भए पनि सरकारी राहत ५० जनालाई पुग्ने मात्र आएको पाइयो ।
- काठमाडौंको कंलकीस्थित शहीद मेमोरियल अस्पतालमा भूकम्पबाट घाइते भएकाहरूको शल्यक्रिया गर्न आईबी अन्टिबायोटिक औषधीको अभाव रहेको अस्पतालले जनाएको छ । यसले बिरामीहरूको शल्यक्रिया गर्न कठिनाइ भएको छ ।

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline

- गोरखा जिल्लाको बारपाक गाविसलाई केन्द्र बिन्दु बनाएर वैशाख १२ गते गएको भूकम्पको केन्द्रविन्दु गोरखाको बारपाकमा इन्सेक क्षेत्रीय कार्यालय पोखराले गरेको स्थलगत अनुगमनमा घाइतेको उद्धार, औषधी उपचारको राम्रो व्यवस्था भएपनि राहत सामग्रीमा त्रिपालको अभाव भएको पाइयो । त्रिपालको अभावमा बसोवासमा समस्या भएको, चिसो मौसमका कारण बालबच्चामा रुघाखोकीको सङ्क्रमण देखिएको छ ।
- काभ्रेको ज्याम्दी गाविस-७ को २३ घरधुरीलाई इन्सेक र गैरनाफामूलक संस्था 'स्टोरिज अफ नेपाल'को संयुक्त प्रयासमा खाद्य सामग्री, औषधी र केही थान पाल वितरण गरिएको छ ।
- पाल्पाका भूकम्पपीडितले आफूहरूले राहतको नाममा त्रिपालसमेत नपाएको गुनासो गरेका छन् । पूर्वी पाल्पाका विकट गाविस सहलकोट, मित्याल, गल्धा, जल्पा सहितका १ दर्जन बढी गाविसमा सबैभन्दा बढी क्षति भएको छ ।
- गोरखाका भूकम्प पीडितहरूमा घाँटी दुख्ने, रुघा लाग्ने, जीउ आलस्य हुने समस्या देखिएको छ । महाभूकम्पबाट गोरखाका ६० वटा स्वास्थ्य संस्थामा क्षति पुग्दा उपचार गर्न जाने ठाउँसमेत अभाव रहेको छ । दुर्गम गाविस लाप्राकमा स्वास्थ्य शिविर सञ्चालन नहुँदा झाडापखालाको लक्षण सुरु भएको छ । खरिबोट, सौरपानी, गाँखु, ताकुकोट, आरुआर्वाङ बारपाक गाविसमा स्वासप्रश्वाससम्बन्धी समस्या देखिएको छ ।
- काठमाडौंको नार्गाजुन नगरपालिका स्यूचाटार, रामकोट क्षेत्रमा भूकम्पबाट विस्थापितहरूले हालसम्म बस्नका लागि पालसमेत नपाएको गुनासो गरेका छन् ।
- भूकम्प पीडितहरूका लागि आएको राहत सरकारी निकायबाट मात्र (एकद्वार प्रणाली) वितरण गर्ने भनी गरिएको सरकारी निर्णयलाई प्रमुख तीन राजनीतिक दलले असहमति जनाएका छन् । सरकार नेतृत्व गरेको काङ्ग्रेस, एमाले तथा प्रमुख विपक्षी एमाओवादीले राहत वितरण सन्तोषजनक नभएको र प्रभावित क्षेत्रमा अझैसम्म पनि राहत सामग्री नपुगेको गुनासो आएपछि बसेको बैठकले सबैलाई राहत वितरण गर्न दिनेमा सहमति जनाएका हुन् ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline